# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
# Rasuwagadhi Hydropower Company Limited

महाराजगंज, काठमाण्डौ, नेपाल, फोन न. ०१-४३७१७४४, ४३७१७९४
इमेलः info@rghpcl.com.np, वेभसाइटः www.rghpcl.com.np

## तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०९/०९ गतेको आर्थिक दैनिक)**
**(दोश्रो पटक प्रकाशित मिति २०८२/०९/२१ गते)**

*श्री शेयरधनी महानुभावहरु,*
मिति २०८२/०९/०८ गते बसेको यस कम्पनीको संचालक समितिको ३७२औं बैठकको निर्णय अनुसार कम्पनीको तेह्रौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपशिल बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ ।

**साधारण सभा बस्ने मिति, समय र स्थानः**

**मिति** : २०८२ साल पौष ३० गते बुधबार (तद्नुसार १४ जनवरी, २०२६) ।
**समय** : बिहान १०:०० बजे ।
**स्थान** : होटल स्मार्ट दरबार प्रा.लि., धुम्बाराही, काठमाडौं ।

**शेयर दाखिला खारेज मिति (Book Close Date):** २०८२ साल पौष १७ गते बिहीबार ।

**तेह्रौं वार्षिक साधारण सभामा छलफल हुने विषय-सूचीः**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट प्रस्तुत हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वासलात तथा आ.व. २०८१/०८२ को आर्थिक विवरणहरु (नाफा/(नोक्सान) हिसाव, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु) माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८२/०८३ का लागि वाह्य लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. यस रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०९/३० गते हुने तेह्रौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१७ गते (एक दिन) शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१६ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त शेयर दाखिला खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न तथा मतदान गर्न पाउने व्यहोरा जानकारीको लागि अनुरोध छ ।
२) कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
३) संयुक्त रुपमा एकजना भन्दा बढि व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोही व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।
४) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सकिनेछ ।
५) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., नक्साल, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।
६) प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुन भन्दा ७२ घण्टा अगावै शेयर रजिष्ट्रारको कार्यालयमा दिनुपर्नेछ । नयाँ नियुक्त प्रतिनिधिको हकमा माथि बुँदा नं. ४ र ५ मा उल्लेख भए बमोजिम हुनेछ । त्यसैगरी आफै सभामा सहभागी भई सभामा भाग लिन, छलफल गर्ने र मतदान गर्न चाहेमा प्रतिनिधि नियुक्ति पत्र स्वतः बदर हुनेछ ।
७) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा बुँदा नं. ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।
८) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषय बारे सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय कपनमार्ग, महाराजगञ्ज, काठमाडौंमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल हुने छैन ।

**द्रष्टव्यः** वार्षिक साधारण सभाको सूचना तथा वार्षिक प्रतिवेदन कम्पनीको वेवसाइटः www.rghpcl.com.np मा समेत हेर्न सकिनेछ ।

**मिति २०८२/०९/२१ गतेको अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित**